**आकाशवाणी समाचार- नेपाली**

मितिः २१ मार्च २०२६

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- भारत निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचिहरुमा नाम सामेल गर्ने वा हटाउने बिषय सित सम्बन्धित अपीलहरुको सुनवाईको लागि 19 अपीलीय न्यायाधिकरणहरुको गठन गरेको छ।

- तृणमूल कांग्रेसले आगामी विधानसभा चुनावको लागि हिज 10 वटा प्रमुख बाचाहरुको साथ आफ्नो चुनाव घोषणापत्र जारी गरेको छ।

- विधानसभा चुनावमा राज्य बाहिरबाट मानिसहरु ल्याईने संबंधी मुख्य मन्त्रि ममता बनर्जीको आरोपहरुलाई भारतीय जनता पार्टीले पूर्ण रुपमा रद्द गरेको छ।

- जीटीएले हालमा जमीनहरु लिजमा दिएको अनि बिक्री गरेको बताउदै बन्दना राई अनि उहाको दलले यस विषयमा जीटीए विरुद्ध मुद्दा दर्ता गर्ने बताएका छन्।

- पश्चिम बंगालमा चैत महिनाको शुरुआत सितै मौसममा परिवर्तन भएको छ अनि राज्यको विभिन्न भागहरुमा आंधी अनि बर्षको क्रम  जारी छ।

**पश्चिम बंगाल-एसआईआर**

भारत निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचिहरुमा नाम सामेल गर्ने वा हटाउने बिषय सित सम्बन्धित अपीलहरुको सुनवाईको लागि 19 अपीलीय न्यायाधिकरणहरुको गठन गरेको छ। यो पाइला राज्यमा विशेष गहन पुनरीक्षण-एसआईआर प्रक्रिया अन्तर्गत उठाईएको हो। निर्वाचन आयोगले भनेको छ कि यो निर्णय सर्वोच्च न्यायालयको 10 मार्च, 2026 को आदेशको अनुपालनमा अनि कलकत्ता उच्च न्यायालयका मुख्य न्यायाधीशको सिफारिशको आधारमा लिईएको हो। आयोगको अनुसार, यी न्यायाधिकरणले उत्तर 24 परगना, पूर्वी मेदिनीपुर, कूचबिहार अनि हावड़ा जस्ता जिल्लाहरुमा मतदाता सूचीमा विसंगतिहरुसित संबंधित मामलाहरुमा नामित न्यायिक अधिकारिहरुका आदेश विरुद्ध अपीलहरुको सुनवाई गर्नेछ।निर्वाचन आयोगले अझ भनेको छ कि पूरक मतदाता सूची प्रकाशित भए पछि अपीलहरु ऑनलाइन ईसीआई नेट प्लेटफॉर्मको माध्यम द्वारा वा जिला मजिस्ट्रेट, उप-विभागीय मजिस्ट्रेट वा उप-विभागीय अधिकारिहरुको कार्यालय गएर दर्ता गर्न सकिनेछ।यी अधिकारीहरुले आवेदनहरुको डिजिटलीकरण अनि अपलोडिंग पनि सुनिश्चित गर्नेछन्। आयोगले भनेको छ कि अधिसूचना तत्काल प्रभावले लागू भएको छ अनि संबंधित जिल्लाहरुमा सबै अपील्हारुको समाधान भए पछि न्यायाधिकरणहरुको अस्तित्व समाप्त हुनेछ।

**ममता -घोषणापत्र**

तृणमूल कांग्रेसले आगामी दुई चरणमा हुने पश्चिम बंगाल विधानसभा चुनावको लागि हिज 10 वटा प्रमुख बाचाहरुको साथ आफ्नो चुनाव घोषणापत्र जारी गरेको छ। पार्टीले सत्तामा लगातार चौथो पल्ट आएको स्थितिमा धेरै सामाजिक अनि आर्थिक योजनाहरुलाई बलियो बनाउने वाचा गरेको छ। घोषणापत्रमा सबै भन्दा प्रमुख वाचा  लक्ष्मी भंडार योजनालाई लिएर गरिएको छ। यस अन्तर्गत सामान्य वर्गका महिलाहरुलाई प्राप्त हुने मासिक सहायता राशि बढ़ाएर 1500 रुपया अनि आरक्षित वर्गका महिलाहरुका लागि 1700 रुपियाँ गरिने बाचा गरिएको छ। युवाहरुका लागि बंगाल युवा साथी योजना अन्तर्गत माध्यमिक परीक्षा उत्तीर्ण 21 देखि 40 वर्ष आयु वर्गक युवाहरुलाई नौकरी नपाए सम्म प्रतेक महिना 1500 रुपियाँको आर्थिक सहायता दिने घोषणा गरिएको छ।पार्टीले यो पनि बाचा गरेको छ कि फेरी सत्तामा आएको खण्डमा राज्यको प्रतेक परिवारलाई पक्का आवास उपलब्ध गराउने प्रयास

गरिनेछ। कृषि क्षेत्रको लागि 30 हजार करोड़ रुपियाको बजट प्रस्तावित गर्ने बताईएको छ जसमा कृषि माथि निर्भर परिवारहरुलाई आर्थिक सहायता अनि भूमिहीन कृषकहरुलाई विशेष पैकेज दिने आश्वासन सामेल छ। घोषणापत्रमा प्रशासनिक पुनर्गठन अन्तर्गत सात वटा नयाँ जिल्लाहरु बनाउने अनि शहरी निकायहरुको संख्या बढ़ाउने पनि बाचा गरिएको छ ताकि नागरिक सुविधाहरुमा सुधार हुन सकोस्। वरिष्ठ नागरिकहरुका लागि बर्तमानमा रहेको पेंशन योजना कुनै बाधा बिना जारी राख्ने अनि अधिक पात्र मानिसहरुलाई यसको परिधिभित्र ल्याउने बताईएको छ। स्वास्थ्य क्षेत्रमा खण्ड अनि नगर स्तरसम्म घरको नजिक स्वास्थ्य सेवाहरु पुर्याउने तथा शिक्षा क्षेत्रमा सरकारी बिद्यालयहरुको ढांचालाई असल बनाउने पनि बाचा गरिएको छ।घोषणापत्र जारी गरिए पछि मुख्यमंत्री ममता बनर्जीले केंद्र सरकार अनि चुनाव आयोगको आलोचना गर्दै भारतीय जनता पार्टी अनि केंद्र सरकारले चुनाव आयोगको प्रयोग गरेर राज्यमा परोक्ष रूपले राष्ट्रपति शासन जस्तो स्थिति बनाउने प्रयास गरिरहेको आरोप लगाउनुभयो।

**कोलकाता - प्रेस कॉन्फ्रेंस**

विधानसभा चुनावमा राज्य बाहिरबाट मानिसहरु ल्याईने संबंधी मुख्य मन्त्रि ममता बनर्जीको आरोपहरुलाई भारतीय जनता पार्टीले पूर्ण रुपमा रद्द गरेको छ। उहाले भन्नुभयो – राज्यमा बाहिरका मानिसहरुको प्रवेश बारे मुख्यमंत्रीको बयानले उहाको राजनीतिक चिंतालाई दर्शाउदछ। कोलकातामा आयोजित प्रेस कॉन्फ्रेंसमा भट्टाचार्यले भन्नुभयो कि मुख्यमंत्रीको दावीले राज्यको कानून-व्यवस्था माथि गंभीर प्रश्न उत्पन्न गरेको छ। तृणमूल प्रमुखले चुनावमा हारको आशंकामा यस प्रकारको वातावरण बनाईरहेको उहाले आरोप लगाउनुभयो। उल्लेखनीय छ , यसभन्दा पुर्व ममता बनर्जीले आफ्नो पार्टीको उम्मीदवारहरुको सूची जारी गर्दै चुनावको अवधि भाजपाको सहयोगको लागि राज्य बाहिरका मानिसहरुलाई पश्चिम बंगाल ल्याईएको दावी गर्दै पार्टी कार्यकर्ताहरुलाई सतर्क रहने बताउनुभएको थियो।भाजपा प्रदेश अध्यक्षले यो पनि दावी गर्नुभएको छ कि तृणमूल कंग्रेसले भविष्यमा हुने कुनै पनि अप्रिय घटनाको स्थितिमा भाजपा अनि इलेक्शन कमीशन ऑफ़ इंडिया दुवैलाई जिम्मेवार ठहराउनेछ। यस बाहेक उहाले बाल विवाह अनि स्कूल छोड़ने दर जस्ता सामाजिक बिषयहरु माथि चिंता ब्येक्त गर्दै यसलाई सरकारको विकासको दावीहरुको विपरीत रहेको बताउनुभयो।

**हिल तराई प्राथमिक शिक्षक संगठन**

आगामी विधानसभा चुनाउलाई लक्षित गरेर हिल तराई प्राथमिक शिक्षक संगठन केन्द्रिय समितिले विभिन्न सर्कलहरूमा चुनावी सभा आयोजना गर्दै आएको छ। यसै अभियान अन्तर्गत हिज सोनादा सर्कलमा पनि एक महत्वपूर्ण सभा सम्पन्न गरियो। सभामा 24 खरसाङ विधानसभा क्षेत्रका भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा (भागोप्रमो) प्रत्याशी अमर लामा र 23 दार्जिलिङ विधानसभा क्षेत्रका भागोप्रमो प्रत्याशी विजय राई पनि उपस्थिति थिए। सभालाई खरसाङ विधानसभा समष्टिका उम्मेदवार अमर लामा, भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ महकुमा समितिका सभापति सुमन बम्जन, काशिराम प्रधान आदिले सम्बोधन गरे। दार्जिलिङ कालेबुङ अन्तर्गत रहेका 16 वटा सर्कलमा सर्कलका शिक्षक शिक्षिकाहरुलाई समेटेर यस्ता चुनावी सभा सञ्चालन गरिने कार्यक्रम अनुसार सोनादा सर्कल अन्तर्गत सभा आयोजना गरिएको हो। सभामा सहभागी वक्ताहरूले आउँदो विधानसभा चुनाउको महत्वबारे प्रकाश पार्दै शिक्षक समुदायलाई सचेत, एकताबद्ध र जिम्मेवार ढंगले सहभागी हुन आह्वान गरे। साथै, शिक्षा क्षेत्रका समस्याहरू समाधान गर्न सक्षम नेतृत्व चयन गर्नुपर्ने आवश्यकतामाथि जोड दिए।

**चुनाउ कार्यालय उद्घाटन**

आगामी विधानसभा चुनाउमा खरसाङ विधानसभा समष्टिको लागि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको उम्मेदवार अमर लामाको पक्षमा हिज खरसाङ बजारको हिल कार्ट रोडमा चुनाउ पार्टी कार्यालयको उद्घाटन गरिएको छ। कार्यालयको उद्घाटन पार्टीका केन्द्रिय संस्थापक अध्यक्ष एवं जीटीए प्रमुख कार्यपाल अनित थापाको विशेष उपस्थितिमा उम्मेदवार लामाको बाहुलीबाट गरियो। चुनावी कार्यालय उद्घाटन गरिएपछि एउटा सांगठनिक सभा सम्पन्न भयो। चुनावी सभालाई सम्बोधन गर्दै जीटीए प्रमुख अनित थापाले पार्टी कार्यकर्ताहरुलाई चुनाउको माहोलमा डिमाण्ड होइन, तर मानिसहरुलाई बुझाउनु पर्ने अनि यतिबेला नाली झोडा भन्नु हुँदैन भनी बताए। सबै मिलेर खरसाङ, दार्जिलिङ र कालेबुङलाई जिताउनुपर्छ भनी उहाले आह्वान गर्नुभयो।

**बन्दना राई**

जीटीएले हालमा जमीनहरु लिजमा दिएको अनि बिक्री गरेको बताउदै बन्दना राई अनि उहाको दलले यस विषयमा जीटीए विरुद्ध मुद्दा दर्ता गर्ने बताएका छन् । खरसाङमा आयोजित एक पत्रकार सम्मेलनमा बन्दना राईले जीटीएका सबै जमीनहरु जनताको हो र जीटीए चलाउनेहरु मालिक होइन भनि बताएका छन् । पत्रकार सम्मेलनमा बन्दना राई, सन्त किशोर गुरुङ, मिनसाङ लामा र सपना सोताङ उपस्थित रहेका थिए। अधिवक्ता बन्दना राईले 'जीटीए चलाउनेहरु स्थायी होइन तर सरकारको प्रतिनिधि मात्र हुन् भनि बताउनुभयो । यस विषयमा पश्चिम बंगाल सरकारको वित्त विभाग र गृह तथा पहाडी मामिला विभागमा आरटीआई गरेको उहाले अझ बताउनुभयो ।

**हाथीको हमला**

नक्सलबाड़ीको मारापुर चिया बागान इलाकामा जंगली हात्तीको आक्रमणमा एक युवकको मृतु भएको छ । मृतकलाई टुकड़ाबस्ती निवासी रंजीत रायको रुपमा चिन्हित गरिएको छ ।स्थानीय सूत्रहरु अनुसार, रंजीत आफ्नो साथी सित कलाबाड़ी वन क्षेत्रबाट घर फर्किरहेका थिए । यसै अवधि हात्तीले आक्रमण गर्दा रंजीत घाइते भए भने साथी भाग्नमा सफल भए । घटनापछि स्थानीय मानिसहरु अनि पानीघाटा रेंजका वनकर्मी उसलाई नक्सलबाड़ी ग्रामीण अस्पताल पुर्याए जहां डॉक्टरहरुले उसलाई मृत घोषित गरे । वन विभागले मामलाको जांच शुरू गरेको छ । शवलाई पोस्टमार्टमको लागि उत्तर बंगाल मेडिकल कॉलेज अनि अस्पताल पठाईएको छ ।

**मौसम**

पश्चिम बंगालमा चैत महिनाको शुरुआत सितै मौसममा परिवर्तन भएको छ अनि राज्यको विभिन्न भागहरुमा आंधी अनि बर्षको क्रम जारी छ । राजधानी कोलकातामा बिगत केहि दिन्हारू देखि लगातार वर्षा भैरहेको छ । मौसम विभागले खराब मौसमको क्रम अझ केहि दिनहरु सम्म जारी रहने चेताउनी जारी गरेको छ । उत्तर बंगालको जिल्लाहरुमा पनि यस्तै मौसम जारी रहने संभावना छ । दार्जिलिंग, जलपाईगुड़ी, कलेबुंग , अलीपुरद्वार अनि कूचबिहारमा भारी वर्षा हुने चेतावनी जारी गरिएको छ । यहां 50 देखि 60 किलोमीटर प्रति घन्टाको गतिमा तिब्र हावा चल्न सक्ने अनि आगामी सोमवार सम्म यस्तै स्थिति बनिरहने छ ।

****** ० ******